बेलबारी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

बेलबारी, मोरङ
कोशी प्रदेश, नेपाल

## आन्तरिक श्रोत असुली सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

(दोस्रो पटक प्रकाशित मिति २०८०/०३/२०)

बेलबारी नगरपालिका अन्तर्गत संचालनमा रहेका देहाय वमोजिमका स्थानीय पुर्वाधार उपयोग सेवा शुल्क असुली कार्यको आगामी आ.व.२०८०/८१ का लागि ठेक्का बन्दोबस्ती गर्नु पर्ने भएकोले इच्छुक कम्पनी/ फर्महरुले रित पूर्वक शिलवन्दी दरभाउपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | विवरण | ठेक्का नं. | न्युनतम अंक (भ्याट सहित ) | फारम दस्तुर | ठेक्काको प्रकार |
|---|---|---|---|---|---|
| क) | बेलबारी कसेनी सडक वडा नं. ५, लक्ष्मीमार्ग सोहभाग सडक वडा नं. ६ र भाउन्ने आम्तोला सडक वडा नं. ७ जोड्ने मूल नहर सडक स्थानीय पुर्वधार उपयोग सेवा शुल्क संकलन | BM/S/SQ-11-2079-80 | १०,००,०००/- | १०००/- | दरभाउपत्र (हार्डकपी) |
| ख) | रत्नमार्ग/शिसौली मार्ग/गुम्बा मार्ग स्थानीय पुर्वधार उपयोग सेवा शुल्क संकलन | BM/S/SQ-12-2079-80 | ७,००,०००/- | १०००/- | दरभाउपत्र (हार्डकपी) |

नोट : एकभन्दा बढी ठेक्का प्रकृयामा सहभागी हुन चाहाने दरभाउपत्रदाताले प्रत्येक ठेक्काको छुट्टाछुट्टै निमानुसार पेस गर्नुपर्नेछ ।

**शर्तहरु**

१. सूचना प्रकाशित भएको मितिले ७ औं दिनको ४:०० बजे सम्म कार्यालयको राजश्व उपशाखाबाट दरभाउपत्र खरिद गर्न सकिने छ।

२. दरभाउपत्र सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म शिलबन्दी दरभाउपत्र दर्ता गर्न सकिनेछ ।

३. दरभाउपत्र व्यक्तिले समेत पेस गर्न सक्नेछ । व्यक्तिको हकमा १५ प्रतिशतले हुन आउने रकम आय कर कट्टा गरिनेछ भने अन्यका हकमा कानुन बमोजिम हुनेछ ।

४. शिलबन्दी दरभाउपत्र सूचना प्रकासित मितिले ८ औं दिन दिनको ०२:०० बजे दरभाउपत्रदाताको रोहवरमा दरभाउपत्र खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा दरभाउपत्र खोल्न कार्यालयलाई बाधा पुग्नेछैन ।

५. कबोल गरेको अंकको ५ प्रतिशत हुन आउने रकम बेलबारी नगरपालिकाको स्थानीय तह धरौटी खाता नं . २४३०१००३०३००००००२ मा जम्मा गरी वा धरौटी रकम बराबरको रकम "क" वर्गको वाणिज्य बैंकले जारी गरेको २०८० श्रावण मसान्त सम्मको म्याद भएको बैंक ग्यारेन्टीको सक्कलै प्रति दरभाउपत्र पेस गर्दा अनिवार्य सम्लग्न राखी गरी पेश गर्नु पर्नेछ ।

६. दरभाउपत्र फारम दस्तुर बापतको राजश्व र धरौटी रकम वा बैंक ग्यारेन्टी छुट्टाछुट्टै पेश गर्नुपर्नेछ ।

७. दरभाउपत्रदाताले दरभाउपत्र फारम खरिद गरेको बैंक भौचरको प्रतिलिपी, फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नवीकरण भएको दर्ता प्रमाणपत्रको प्रतिलिपि, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व.२०७८/७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र प्रचलित कानुन बमोजिम यस प्रकृयामा भाग लिन पाउने स्व:घोषणा पत्र साथै अन्य आवश्यक सम्पुर्ण कागजात संलग्न गर्नुपर्नेछ । व्यक्तिको हकमा नागरिकता प्रमाणपत्र प्रतिलिपि र व्यक्तिगत स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि पेस गर्नुपर्नेछ ।

८. नगरपालिकाले यस प्रकृयामा भाग लिएका दरभाउपत्रदाताले तोकिए बमोजिम मूल्याङ्कन गरी सारभूत रूपमा प्रभावग्राही ठहरिएको अधिकतम कबोल गर्ने दरभाउपत्रदातालाई सम्झौताका लागि आव्हान गर्नेछ । तोकिएको समय भित्र उल्लेखित दरभाउपत्रदाता सम्झौता गर्न नआएमा क्रमस दोस्रो र तेस्रो लगायतका दरभाउपत्रदातालाई सम्झौताका लागि पत्रचार गरिनेछ । अधिकतम कबोल गर्ने दरभाउपत्रदाता सम्झौता गर्न नआएमा निजको सम्पूर्ण धरौटी बापतरको रकम जफत गरी कालो सूचिमा राख्न सम्बन्धित निकायलाई सिफारिस गर्नुका साथै लगत्तै पछिल्लो दरभाउपत्रदाता र अधिकतम कबोल गर्ने बोलपत्रदाताको बिचको फरक समेत अधिकतम रकम कबोल गरी सम्झौता गर्न नआउने दरभाउपत्रदाताबाट सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ । यो प्रकृया क्रमस दोस्रो, तेस्रो वा अन्यलाई समेत समान ढंगले लागू हुनेछ ।

९. दरभाउदातादाताले कबोल गरेको ठेक्का अंकको सम्पूर्ण रकम एकमुष्ट बुझाउन चाहेमा कबोल रकमको १० प्रतिशत सम्म छुट दिन सकिनेछ । १३ प्रतिशत मु.अ. कर र १५ प्रतिशत अग्रिम आयकरमा कुनै पनि छुट उपलब्ध गराईने छैन । उक्त रकम आर्थिक प्रशासन शाखामा यकिन गरी/गराई रा.वा. बैंकमा रहेको बेलबारी नगरपालिकाको आन्तरीक राजश्व खाता नं. २४३०१००३०१०१०००२ मा दाखिला गर्नुपर्नेछ ।

१०.किस्तामा बुझाउन चाहाने दरभाउपत्रत्रदाताहरुको हकमा तीन किस्तामा सम्पूर्ण रकम बुझाउनु पर्नेछ । प्रथम किस्ता, सम्झौता पूर्व कबोल रकम (सम्पूर्ण करवाहेक) को ४० प्रतिशत दोस्रो किस्ता ४० प्रतिशत बापत कात्तिक मसान्त र तेस्रो किस्ता २० प्रतिशत वापत २०८० चैत्र मसान्त सम्ममा जम्मा गर्नु पर्नेछ । साथै १३ प्रतिशतले हुन आउने मूल्य अभिवृद्धि कर र १५ प्रतिशत अग्रिम आय कर सम्झौता पूर्व नै यस कार्यालयमा दाखिला गर्नुपर्नेछ। किस्तामा रकम बुझाउने भएमा दरभाउपत्रदाताले ठेक्का सम्झौता पछि बुझाउन बाँकी ६० प्रतिशत बराबरको "क" वर्गको बैंकबाट २०८१ श्रावण मसान्त सम्म म्याद भएको बैक ग्यारेन्टी पेश गर्नुपर्नेछ । कवोलकर्ताले यस शर्त बमोजिम तोकिएको अबधि भित्र दोश्रो किस्ता बापतको रकम जम्मा नगरेमा तेश्रो किस्ता समेतको रकम २०८० चैत्र १ गते निज कबोलकर्ताले पेश गरेको बैक ग्यारेन्टी जफत गरी असुल उपर गर्न सकिनेछ ।व्यक्तिको हकमा सम्झौताका बखतमा एकमुष्ट रकम बुझाउनुपर्नेछ ।

११.ठेक्काको अबधि सम्झौता अबधि देखि २०८१ असार मसान्त सम्मको लागि मात्र हुनेछ ।

१२.ठेक्का सम्झौता भइसकेपछि प्राकृतिक वा मानव निर्मित कुनै कारणले बन्द, हडताल वा यसै प्रकारको अवस्था सृजना भएमा ठेक्का रकममा कुनै प्रकारको छुट वा मिनाहा माफि दिइने छैन ।

१३.कर तथा सेवा शुल्क नगरपालिकाले तोके बमोजिमको दररेटमा अशुल गर्नु पर्नेछ ।अन्यथा बढी रकम अशुल गरेको ठहर भएमा नियमानुसार कारवाही हुनेछ।

१४.कर/शुल्क उठाउँदा प्रयोग हुने रसिद नगरपालिकाले तोके बमोजिमको ढाँचामा ठेकेदार आफैले छपाई नगरपालिकाको रसिद नियन्त्रण खातामा दाखिला गरी आवश्यकताका आधारमा माग गरी प्रमाणित गराई प्रयोग गर्नु पर्नछ।

१५.यस कार्यालयले निर्धारण गरेको दररेट भन्दा बढी असुल गरेमा नियम अनुसार कारबाही भई ठेक्का रद्द समेत हुन सक्नेछ ।

१६.दरभाउपत्रदातादाताले ठेक्का भोग चलन गर्दा यस कार्यालयको निर्देशन र सम्झौतामा उल्लेखित शर्त बमोजिम काम गर्नु पर्नेछ ।

१७.दरभाउपत्रदाताले नगरपालिकाबाट स्वीकृत गरी जारी गरेको आन्तरिक स्रोत असुलि सम्बन्धीको BoQ अंक र अक्षरमा भरी सहिछाप गरी पेश गर्नुपर्नेछ तर दरभाउपत्रदाताले भरेको कुनै कागजातमा आफ्नो कबोल अंक उल्लेख भएमा/गरेमा त्यस्तो दरभाउपत्रलाई समेत सार्वजनिक हितको सिद्धान्तका आधारमा मूल्याङ्कन प्रकृयामा लैजान बाधा पुग्ने छैन ।

१८.ठेक्का तयारी तथा सोसँग लाग्ने सम्पूर्ण खर्च दरभाउपत्रदाता आफै जिम्मेवार हुनुपर्नेछ ।

१९.दरभाउपत्रदाताले आफ्नो खर्चमा आय संकलन स्थलहरुको भ्रमण गर्न सक्नेछन् ।

२०.दरभाउपत्रदाताको कागजातमा वा बोलपत्र सूचनामा कुनै फरक पर्न गएमा सच्याउने अधिकार यस कार्यालयमा निहित हुनेछ ।

२१.यस नगरपालिका अन्तर्गत विगतमा वुझाउनु पर्ने ठेक्का वक्यौता, पेश्की वेरुजु रहेको फर्म/कम्पनी ठेक्कामा सहभागी हुन पाउने छैन तर बोलपत्र तथा दरभाउपत्र खरिद गर्नु अघि उल्लेखित रकम दाखिला गरेमा ठेक्कामा सहभागी हुन वाधा पर्ने छैन ।

२२.एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नाममा दाखिला गर्न पाइने छैन ।

२३.दरभाउपत्रदाता तथा नगरपालिका बीच कुनै किसिमको मत भिन्नता भएमा नगरपालिकाको निर्णयलाई अन्तिम निर्णय मानिनेछ ।

२४.दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस नगरपालिकामा निहित रहनेछ ।

२५.यस प्रकृयामा सहभागी हुने दरभाउपत्रदाताले सूचनामा उल्लिखित सम्पूर्ण शर्तहरू र Standard Bid Document लाई स्वीकार गरी समावेस गरिएको मानिनेछ ।

२६.माथि उल्लेखित शर्तहरुको थप प्रष्टिकरण र व्याख्या साथै सूचनामा उल्लेख नभएका अन्य विषयहरु बेलबारी नगरपालिका सार्वजनिक खरिद नियमावली २०७८, प्रचलित कानुन र स्थापित सार्वजनिक हितका मान्यता मुताबिक हुनेछ । थप जानकारीका लागि ०२१-४३४२५९, info@belbarimun.gov.np मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत